गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी उद्यमशिलताको माध्यमवाट उद्यमी श्रृजना गर्न इच्छुक व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्न आशयपत्र आह्वानको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त – Terms of Reference (TOR)

१. **व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमिः**

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम **(MEDEP**) को वित्तीय तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागू भएको लघु उद्यम विकास कार्यक्रमलाई आ.व. ०६६/०६७ देखि नेपाल सरकारले आन्तरिकीकरण गरी गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम **(MEDPA)** को रुपमा विस्तार गरी सञ्चालन गर्दै आएकोमा चालु आ. व. देखि प्रदेश नं ५ अन्तर्गत रहेका १२ जिल्लाहरु (रुपन्देही, वर्दघाट सुस्ता पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तू, गुल्मी अर्घाखाची, प्युठान, दाङ, रोल्पा, पुर्वी रुकूम, बाके र बर्दिया) मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत सञ्चालन हुनेछ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका सवै प्रकृया चरणबद्ध तवरले संचालन गर्न अनुभवी योग्य व्यवसाय विकास सेवा प्रदायक संस्था, गैह सरकारी संस्था, फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्यक्षेत्रगत शर्त **(TOR)** तयार गरिएको छ ।

चालु आ.व. ०७५/७६ मा यस मन्त्रालय अन्तर्गतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/ घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुमा कार्यक्रम संचालनको लागि प्राप्त आशयपत्रहरु मध्येवाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (५) वमोजिम तीन देखि वढिमा छवटा संस्थाहरु प्रारम्भिक छनौट गरी छनौट भएका संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा प्रत्येक जिल्लाको लागि (पाँचवटासम्म स्थानीय तह भएका जिल्लाको लागि एक र छ वा छ भन्दा वढि स्थानीय तह भएका जिल्लाको लागि दुईवटा) सेवा प्रदायक संस्था छनौट गरिनेछ । तर आशयपत्रको मूल्याकंनको क्रममा कम्तिमा तीनवटा संस्थाले उत्तिर्णाङ्क प्राप्त गर्न नसकेमा वा तीन भन्दा कम आशयपत्र पेश हुन आएमा पूनः आव्हान गरिने छ । यसरी छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थासंग सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयवाट नियमानुसारको सम्झौता गरी कार्यक्रम संचालन हुनेछ ।

२. **(MEDPA) कार्यक्रमको उद्देश्यः**

अति विपन्न वर्ग, गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिवासि जनजाति, मधेशी वा आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेका जनसमुदायलाई उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गरी उनीहरुको आयस्तरमा सुधार गरी गरिवी निवारणमा सहयोग पु-याउनु यो कार्यक्रमको मुख्य उद्देश्य रहेकोछ ।

३. **कार्यक्रम लागू हुने क्षेत्रः**

यो कार्यक्रम प्रदेश नं ५ अन्तर्गतका १२ वटै जिल्लामा लागु हुने छ । यस मन्त्रालय मातहातका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुले जिल्ला समन्वय समितिको समन्वयमा लघु उद्यम विकासका लागि उपलब्ध श्रोत, बजार र लक्षित वर्गको आधारमा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसारका स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्षेत्र निर्धारण गर्नेछ ।

यसरी निर्धारण गरिएका स्थानीय तहमा लघु उद्यम विकासका लागि सो स्थानीय तहबाट छुट्याएको श्रोत र निर्धारण गरेको लक्ष्यलाई समेत समावेश गरिनेछ ।

४. **छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु:**

४.१ **नयाँ उद्यमी श्रृजना तर्फ:**

नयाँ उद्यमी श्रृजना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमवाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमीहरू गणना गर्दा उद्यम शुरुवात गरिसकेको अवस्थालाई जनाउनेछ । लक्षित नयाँ उद्यमी श्रृजना गर्दा कूल उद्यमीमध्ये स्थानीय तहको जनसख्याको अनुपातमा महिला ७०%, दलित ३०%, आदिवासी जनजाति ४०%, मधेशी ४०% र युवा (१६-४० बर्ष) ६०% हुनुपर्नेछ ।

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन:** कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएका स्थानीय तहको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/ घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरण:** छनौट भएका स्थानीय तहका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखिकरण गर्न भेला/गोष्ठी सञ्चालन गरी बजार, स्रोत सम्भाव्यता र लक्षित वर्गबारे सुनिश्चित गर्ने र उक्त भेला/गोष्ठिले सिफारिस गरेको वस्ती वा टोललाई संभावित कार्यक्षेत्र मानी प्रकृया अगाडी बढाउनु पर्नेछ ।

(ग) **उद्यम विकास समिति गठन:** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० बमोजिम उद्यम विकास समिति गठन गर्न सहजिकरण गर्नुपर्नेछ । साथै समितिको गठन र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्बन्धित कार्यालयले संचालन गर्नेछ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखा:** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्बन्धित स्थानीय तहको लागि निर्धारित गरेका वडाहरु र समुदायमा सम्वन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Apraisal –PRA) गर्ने । सम्बन्धित स्थानीय तहमा गरिएको अभिमुखिकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा/वस्तीमा बसोबास गरेका समूहहरुमध्येबाट तोकिएको संख्यामा (कम्तिमा २०– २५ जना) सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत ,बजार र सिपको संभाव्यता पहिचान गर्नुपर्नेछ ।

(ङ) **सर्वेक्षण प्रकृया:** PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिव र अति गरिव परिवारको फाराम **A** भर्ने र उक्त परिवार गरिबीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्षभित्रका बेरोजगार सदस्यको फाराम **B** भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यवसाय गरिरहेको वा व्यवसाय गरेर बन्द भएको पाइएमा फाराम **C** समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा संभावित उद्यमीहरु छनौट गर्ने । सर्वेक्षणको लागि आवश्यक फाराम गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० मा व्यबस्था भए वमोजिम कार्यालयले उपलव्ध गराएको नमूना अनुसारका फारामहरु (**A** देखि **G** सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा भरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी **SOFT COPY** र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

(च) **समूह निर्माण र क्षमता अभिवृद्धि:** फारम **A, B** र **C** को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, समूहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण (उत्पादन, विक्रि, ऋण लगानी) सम्बन्धी विषयमा सुशिक्षित गर्ने ।

पौडेल

सचिव

(छ) **उद्यमशिलता विकास तालिमः** सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुको लागि अनकूल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार निर्धारित सवै स्थानीय तहका छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको उद्यमशिलता विकास तालिम (**Start & Improve Your Business-SIYB**) र एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण (**GESI**) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्ने । यसरी तालिम सन्चालन गर्दा **TOPE** र **TOSE** तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्नेछ ।

(ज) **सिप विकास तालिम संचालनः** उद्यमशिलता विकास तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (९० दिनसम्म), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (४५ दिनसम्म) र बाँकीलाई छोटो अवधि (१५ दिनसम्म) को सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । सिप विकास तालिम प्रदान गर्दा तालिमको पाठयक्रम र तालिम प्रशिक्षक नेपाल सरकारवाट मान्यता प्राप्त भएको हुनुपर्नेछ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र सो अनुसार प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधी भन्दा कम भएमा संचालित कार्यक्रमको अवधीको गणना गरी दामाशाहीको हिसावले रकम भुक्तानी गरिनेछ ।

उदाहरणः लामो अवधी भनी संचालन भएको तालिम ७० दिनमा सम्पन्न भएको पाइएमा प्रस्तावित सिप विकास तालिममा उल्लेख गरिएको रकमलाई ९० ले भाग गरी ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिइनेछ ।

(झ) **लघुकर्जा पहुंचका लागि सहजीकरणः** लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

(अ) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने ।

(आ) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूंजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजिकरण गर्ने ।

(इ) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई लघु कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

यस प्रकार लघु उद्यमी श्रृजनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द् र स्वलगानी र लघु कर्जा मार्फत उद्यम सञ्चालन गर्नेहरुको विवरण अद्यावधिक राख्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी श्रृजनाको लक्ष्यमध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ ।

(ञ) **व्यवसाय विकास परामर्श तथा बजार विस्तारः** कार्यक्रम सन्चालन भएका सबै स्थानीय तहका उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) **उपयुक्त प्रबिधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजिकरणः** तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी सम्बन्धित निकाय संग समन्वय गरी कम्तिमा कार्यक्रमको तर्फवाट ८० प्रतिशत र सहभागीको तर्फबाट २० प्रतिशतको अनुपातमा उद्यमीहरुलाई

पौडेल
सचिव

आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै सिप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत माथि उल्लेखित लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्नेछ ।

(ठ) **साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजिकरणः** अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक उद्यमीहरुलाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० अनुरुप साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजिकरण गर्ने ।

(ड) **लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबीः** विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा समूहहरुलाई अभिमुखिकरण गराई सम्बन्धित निकायसंग समन्वय र सहकार्यको लागि सहजिकरण गर्ने र जिल्लास्थित लघु उद्यमीहरुको समूह तथा संस्थासंगको सहकार्यमा स्थानीय तह तथा अन्य कार्यालयहरुसंग बजेट तथा कार्यक्रम विनियोजनको लागि पैरवी र वकालत गर्ने ।

ढ) **तथ्याङ्क विबरण अध्याबधिक गर्नेः** व्यबसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी श्रृजनाको लागि गरिएका हरेक कृयाकलापहरुको विवरण अध्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको **Webbased Database System** अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी आद्यवधिक गरेको तथ्यांकको एक प्रति रकम भुक्तानी दिने कार्यालयलाई वुझाउनु पर्नेछ ।**MIS Database** मा देहायका ८ विवरणहरु प्रविष्टि नभएसम्म उद्यमी श्रृजना भएको नदेखिने हुंदा त्यसलाई विशेष ध्यान दिनुपर्नेछ ।(१) समूह निर्माण (२) **TOPE** तालिम (३) **TOSE** तालिम (४) व्यवसायिक योजना (५) सिप विकास तालिम वा व्यबसाय व्यबस्थापन परामर्श (६) बजार सर्वेक्षण (७) ऋण लगानी वा स्वलगानी (८) उद्यमको नाम

४.२ <u>उद्यमीको व्यबसाय स्तरोन्नति तर्फः</u>

लघु उद्यम विकास कार्यक्रम (**MEDEP**) र गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (**MEDPA**) बाट विगत ३ बर्षभित्र प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी देहाय अनुसारका कार्यहरु गर्नेः

क) स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने ।

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुनर्ताजगीका लागि सिप विकास तालिम सन्चालन गर्ने ।

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, वजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

ङ) स्तरोन्नतिको लागि गरिएका सम्पूर्ण कृयाकलाप तथा गत ३ बर्षभित्र लघु उद्यम विकास कार्यक्रम (**MEDEP**) र गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (**MEDPA**) अन्तर्गत प्रवर्द्धन गरिएका लघु उद्यमीको विवरण **MIS Database Software** मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिबेदन सम्बन्धित कार्यालयमा पेश गर्ने ।

च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिई समन्वय गरी गर्नुपर्नेछ र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिबेदन लगायतको बिवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

५. <u>व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त आशय– पत्रहरु छनौट तथा मूल्यांकनका आधारहरुः</u>

५.१ **व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः**

क) **सस्थाको अनुभव दर्ता तथा क्षमताः**– लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको तथा आशयपत्र पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोही जिल्लामै कार्यालय स्थापना गरी कार्य सञ्चालन गरेको वा छिमेकी जिल्ला (आशयपत्र पेश गर्न चाहेको जिल्लासंग भौगोलिक सिमाना जोडिएको जिल्ला) मा संस्था दर्ता भई आशयपत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम सन्चालन गर्ने अनुमति लिई कार्य संचालन गरेको वा जुन सुकै जिल्लामा संस्था दर्ता भई आशयपत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त गरेको भएमा त्यस्ता संस्थाहरुलाई क्रमशः पहिलो, दोश्रो र तेश्रो प्राथमिकता दिइनेछ ।

ख) जनशक्ती

अ) <u>कार्यक्रम संयोजकः १ जना</u>

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः स्नातक वा सो सरह हुने छ । स्नात्तकोत्तर उपाधि हासिल गरेकोलाई ग्राहयता दिइनेछ ।

२. अनुभवः लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासि जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

आ) <u>उद्यम विकास सहजकर्ताः ६ जना</u>

१. आबश्यक न्युनतम योग्यताः

सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण (HHS), उद्यमशिलता विकास (SIYB/MECD) जस्ता तालिम लिई उद्यम विकास सहजिकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा तह २ वा ३ उत्तीर्ण गरेको वा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ महिने प्राविधिक एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको हुनपर्नेछ ।

२. अनुभवः लघु उद्यम वा व्यबसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

नोटः माथि जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको संख्यामा उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।

इ) <u>कम्प्युटर अपरेटरः १ जना</u>

१. आबश्यक न्यूनतम योग्यताः कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा जुनसुकै बिषयमा प्रमाण पत्र तह सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिने कम्प्यूटर तालिम लिएको ।

२. अनुभवः कम्प्युटर सम्बन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

पाडे
सचिव

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ

ई) <u>लेखा तथा प्रशासन सहायकः १ जना</u>

१. आवश्यक न्यूनतम योग्यताः व्यवस्थापनमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको ।

२. अनुभवः सम्बन्धित कार्यक्षेत्रमा अनुभवीलाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसीः महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

६. <u>व्यवसाय विकास सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरणः</u>

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशयपत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष पुरा गरी लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्नेछ ।

ख) संस्था विधिवत दर्ता भई अद्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ग) कार्यक्षेत्रगत शर्त **(TOR)** मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

घ) मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.ब. २०७४/७५ को कर चुक्ता भएको हुनुपर्नेछ ।

च) सार्वजनिक कार्य गर्न नपाउने गरी संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नुपर्नेछ ।

छ) यस मन्त्रालय अन्तर्गतका १२ जिल्ला मध्ये बढि ३ जिल्लामा मात्र प्रस्ताव पेश गर्न सकिनेछ ।

नोटः अनुभवको प्रमाणको प्रतिलिपि, आ.व. २०७३/०७४ र २०७४।०७५ को लेखापरिक्षणको प्रतिवेदन, उल्लेखित विषय प्रमाणित हुने कागजातको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ, ।

७. **प्रस्तावको ढाँचाः**

आशयपत्रको ढाँचा यसै कार्यदिशको अनूसूची १ मा उल्लेख गरिएको छ ।

८. **आशयपत्र पेश गर्ने तरिकाः**

व्यवसाय विकास सेवा प्रदायक संस्थाले आशयपत्रलाई खाममा सिलवन्दी गरी खामको बाहिर नाम, ठेगाना, र कुन जिल्लाको लागि काम गर्न चाहेको हो सो जिल्लाको नाम समेत स्पष्ट उल्लेख गरी आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सक्नेछ। प्रस्तावकले आशयपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्र उद्योग पर्यटन, वन, तथा वातावरण मन्त्रालय प्रदेश नं ५ बुटवल रुपन्देहीमा दर्ता गरिसक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको १४:०० बजे नियमानुसार मन्त्रलयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ ।

एकभन्दा बढी जिल्लाका लागि कार्यक्रम सञ्चालन गर्ने गरी आशयपत्र पेश गर्ने संस्थाले प्रत्येक जिल्लाका लागि अलग अलग जनशक्ति (कर्मचारी) प्रस्ताव गर्नुपर्नेछ । एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एकभन्दा बढी जिल्लाका लागि आशयपत्र पेश गरेको पाइएमा यस मन्त्रालयमा दर्ता भएको पहिलो आशयपत्रमा उल्लेखित जनशक्तिलाई मात्र मान्यता दिइने छ । तर एउटै संस्थाले ३ भन्दा बढी जिल्लाको लागि आशयपत्र पेश गर्न पाउने छैन ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं ५
बुटवल, नेपाल

सचिव

९. <u>आशयपत्र मूल्यांकन गर्ने तरिकाः</u>

आशयपत्रको अंक भार ५० कायम गरिएको छ । उत्तीर्णाङ्क ५० प्रतिशत अर्थात अंक हुनेछ । उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावहरु मध्ये योग्यताक्रमका आधारमा कम्तिमा ३ देखि बढिमा ६ वटासम्म संस्थाहरुलाई प्रारम्भिक छनौटमा राखिनेछ । यसरी छनौट भएका संस्थाहरुको सूचि सार्वजनिक जानकारीको लागि राष्ट्रिय पत्रिकामा प्रकाशन गरी सोही संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि अनुसार मूल्याकन गरिनेछ ।

१०. <u>विविधः</u>

प्रचलित कानूनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० (संशोधन सहित) वमोजिम हुनेछ ।

११. <u>आशयपत्र मूल्यांकनको अंक भार विभाजन तथा आधारहरुः</u>

क) सस्थाको दर्ता, अनुभव तथा क्षमताः–

ख) चालू आ.ब. मा संस्थाले संचालन गरिरहेको कार्यक्रम र परियोजनाको आधारमा

ग) संस्थाको भौतिक (आर्थिक र प्राविधिक समेत) क्षमताको अधारमा

घ) संस्थाको कार्य समितिमा समाबेसी, योग्यता र कर्मचारीको नियमितता

ङ) **MEDEP** र **MEDPA** मा काम गरेको र तेश्रो पक्षको मूल्याकंनको आधारमा

च) संस्थाको बार्षिक कारोवार (आ.ब. २०७३।७४ र २०७४।७५)

छ) संस्थाको कर्मचारी, आर्थिक प्रशासन, लैङ्गिक र सामाजिक समावेशी नियमावलीको आधारमा

ज) बार्षिक प्रतिबेदन प्रकाशन

झ) संस्थाको कार्यक्षेत्र र भौगोलिक उपस्थिति

सचिव